# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


राष्ट्रिय मानवअधिकार आयोगको मिति २०७९/४/३१ गते मंगलबार बसेको बैठकबाट देहाय बमोजिम हुनेगरी ५ ओटा उजुरीहरु उपर निर्णय भयो ।

| क. सं. | उजुरीको संक्षिप्त व्यहोरा | घटना मिति र उजुरी नं. | उजुरीको विषय | आयोगको निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोरङ जिल्ला सिजुवा गा.वि.स. वडा नं. ५ स्थायी घर भै ललितपुर जिल्ला डेरा गरी बस्ने हरीबहादुर कार्की २०५९ भाद्र महीनादेखि सम्पर्कमा नभई बेपत्ता भएको र कुनै अज्ञात व्यक्तिले टेलीफोन मार्फत हरीबहादुर कार्कीको दशैंभन्दा अगावै धादिङ जिल्लाको कुनै ठाउँमा घेराउमा परी सो स्थानमा अन्य २ जनाको समेत मृत्यु भएकोले उक्त घटनाको अनुसन्धान गरी पाऊँ भन्ने उजुरी । | नखुलेको/२३३ | हत्या | प्रस्तुत उजुरीमा घटनामा संलग्न भएका दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिश गर्ने । | |
| २ | हरीबहादुर कार्कीका साथ धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स. वडा नं. ५ का सन्देश भन्ने मुकुन्द सेनलाई सैनिकहरुले नियन्त्रणमा लिए पश्चात गोली हानी मारेको र आफन्तलाई लाश समेत नबुझाएको भन्ने सम्बन्धमा आयोगले स्वविवेकमा ग्रहण गरेको उजुरी सम्बन्धमा । | नखुलेको /८९९ | हत्या | प्रस्तुत उजुरीमा घटनामा संलग्न भएका दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितका परिवारलाई ३ लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने । | |

का. म. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मिति २०५९।६।२० मा तत्कालीन ने.क.पा. (माओवादी) का कार्यकर्ताहरुले धादिङ जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ३ बस्ने रामचन्द्र श्रेष्ठलाई हरिबहादुर कार्की र मुकुन्द सेनलाई मार्ने कार्यमा सुराकीको आरोप लगाई अपहरण पश्चात मारेको भन्ने घटनामा आयोगको स्वविवेकमा ग्रहण गरेको उजुरी । | २०५९/६/२०/९०० | हत्या | प्रस्तुत उजुरीमा घटनामा संलग्न भएका माओवादी कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र पीडितका परिवारलाई ३ लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने । | |
| ४ | चितवनको माडी स्थित बाँदरमुढेमा सार्वजनिक बसलाई विद्युतीय धरापमा पारी घटाइएको घटनामा माडी न.पा. ७ का लेखनाथ अधिकारी सख्त घाइते भई अपाङ्ग भएकोले राहत तथा क्षतिपूर्ति उपलब्ध गराई पाउँ भन्ने लेखनाथ अधिकारीको निवेदन । | २०६२/२/२३/४६७ | घाइते | प्रस्तुत उजुरीमा पीडितलाई १ लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन र आवश्यक परेमा नि:शुल्क औषधोपचारको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने । | |
| ५ | कल्याणपुर ८ माडी, चितवन घर भएका पवन खड्का मिति २०६२/२/२३ गते बाँदरमुढेमा विद्युतीय धरापमा परि घाइते भएकोमा हालसम्म पनि उपचार खर्च नपाएको नि:शुल्क उपचारको व्यवस्था गरी दोषीलाई कारवाही गरी पाउँ भन्ने निज पवन खड्काको उजुरी सम्बन्धमा । | २२०६२/२/२३/२४३ | घाइते | प्रस्तुत उजुरीमा पीडितलाई १ लाख ४० हजार रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन र आवश्यक परेमा नि:शुल्क औषधोपचारको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने । | |

का. मु. सचिव